आज मितिः२०७८/१२/२८ गते बिहान ८ बजे गोलन्जोर गाउँपालिकाको गाउँ कार्यपालिकाको वैठक यस गाउँपालिका अध्यक्ष श्री पुष्प बहादुर कार्की ज्यूको अध्यक्षतामा बसि तपशिलको प्रस्ताव माथि छलफल गरियो ।

उपस्थितिः

१) श्री पुष्प बहादुर कार्की -गाउँपालिका अध्यक्ष
२) श्री गंगादेवी श्रेष्ठ – गाउँपालिका उपाध्यक्ष
३) श्री दौलत कार्की- कार्यपालिका सदस्य
४) श्री मिन बहादुर सुनुवार - कार्यपालिका सदस्य
५) श्री पुष्कर राज वराल - कार्यपालिका सदस्य
६) श्री बेग बहादुर गौतासे मगर -कार्यपालिका सदस्य
७) श्री बुद्धि बहादुर पाल्पाली- कार्यपालिका सदस्य
८) श्री पुरुषोत्तम श्रेष्ठ -कार्यपालिका सदस्य
९) श्री रोम बहादुर देवकोटा - कार्यपालिका सदस्य
१०) श्री जमुना कोइराला - कार्यपालिका सदस्य
११) श्री भक्त बहादुर भुजेल - कार्यपालिका सदस्य
१२) श्री ईन्द्र कुमारी हायू- कार्यपालिका सदस्य
१३) श्री सावित्रा तामाङ्ग - कार्यपालिका सदस्य
१४) श्री कुमारीमाया थापा मगर- कार्यपालिका सदस्य
१५) श्री रण बहादुर सार्की- कार्यपालिका सदस्य
१६) श्री ठाकुरप्रसाद दाहाल- प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरुः

१. बाँकी योजना सम्झौताको समय सीमा सम्बन्धमा ।
२. इन्धन(कार्यालय प्रयोजन र पदाधिकारी) व्यवस्थापन सम्बन्धमा ।
३. गाउँपालिकाको कार्यालय भवन निर्माणको ठेक्काको प्राविधिक प्रस्ताव मूल्याङ्कन सम्बन्धमा ।
४. रासायनिक मलको व्यवस्थापन सम्बन्धमा ।
५. सुरक्षित आवास कार्यक्रमको सम्बन्धमा ।
६. कोभिड १९ को महामारीवाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण सम्बन्धमा ।
७. विविध

प्रस्ताव नं १ माथि छलफल गर्दा चालू आ व का बाँकी योजनाहरु मिति २०७९।०१।०८ भित्र आर्थिक विकास, सशर्त तथा अन्य (वार्षिक योजनाभित्र स्वीकृत भएका तर वडा अध्यक्षज्यूहरुले सम्झौता नगर्ने भनी प्रतिवद्धता जनाएका बाहेक) शीर्षकमा रहेका योजनाहरु सम्झौता गरिसक्न सूचना गर्ने र उक्त मितिसम्म सम्झौता नहुने योजना पछि सम्झौता नगर्ने निर्णय गरियो ।

प्रस्ताव नं २ माथि छलफल गर्दा साइ कृपा आयल स्टोर खुर्कोटलाई गाउँ कार्यपालिकाको कार्यालयबाट कुपन प्रणालीबाट इन्धन व्यवस्थापन भइरहेकोमा उक्त प्रणाली २०७९।०१।०१ बाट बन्द गरी आवश्यकताका आधारमा इन्धन प्रयोग गरी लगबुक सहित प्राप्त विलको आधारमा भुक्तानी गर्ने तथा इन्धन(कार्यालय प्रयोजन र पदाधिकारी) को व्यवस्थापनको लागि चालू आव मा विनियोजित चालू खर्च शीर्षकहरुबाट बचत हुन सक्ने रकमबाट पछि कार्यालय प्रमुख स्तरीय निर्णयबाट खर्च हुने गरी कार्यालय प्रयोजन रु १५००००० र पदाधिकारी रु १५००००० रकम व्यवस्था गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि ठेक्का आव्हान भएको ठेक्का नं GRM/SIN/WORKS/NCB/16/078-079("Construction of Rural Municipality Office Building") को प्राविधिक प्रस्ताव मूल्याङ्कन गरी आवश्यक निर्णयको लागि गाउँ कार्यपालिका समक्ष पेश गर्नुपर्ने भएकोले प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपशील बमोजिमको मूल्याङ्कन समिति गठन गरी आगामि कार्यपालिका बैठकमा पेश गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

तपशील:

| | | |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | ठाकुरप्रसाद दाहाल | संयोजक |
| आर्थिक प्रशासन शाखा प्रमुख | सेवक विक्रम राई | सदस्य |
| योजना तथा अनुगमन शाखा प्रमुख | तुलसीप्रसाद कोइराला | सदस्य |
| प्राविधिक शाखा प्रमुख | सुशीलप्रसाद शर्मा | सदस्य |
| प्रशासन/जिन्सी शाखा प्रमुख | तिर्थकुमार भण्डारी | सदस्य |

प्रस्ताव नं ४ माथि छलफल गर्दा कृषि सामाग्रीकम्पनी लिमिटेड शाखा कार्यालय सिन्धुलीको प स.२०७८/७९ च.न ११३ मिति २०७८/१२/१४ गतेको पत्र बैठकमा प्रस्तुत भई छलफल भयो। सो सम्वन्धमा यस गाउँपालिकाको लागि भुमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयले बाडफाट गरेको रसायनिक मल निर्धारीत कोटा भन्दा बढीं यस गाउँपालकामा उपलब्ध भई सकेको जानकारी प्राप्त भएको तर कृषकहरुको रासायनिम मलको माग अत्यधिक रहेकोले यस

गाउँपालिकामा खेतीको सिजन पनि आउन लागेकोले कोटा प्रणाली खारेज गरी आवश्यकताको आधारमा रासायनिक मल उपलब्ध गराउन वा सो नभएमा यस वर्षको लागि रासायनिक मलको तपशिल अनुसारको कोटा थप गरी पठाईदिन भुमि व्यवस्था,कृषि तथा सहकारी मंन्त्रालय बागमती प्रदेशमा लेखी पठाउने निर्णय गरियो। साथै कुन सहकारीमा कति रासायनिक मल प्राप्त भई कहाँ कहाँ वितरण भएको छ, अभिलेख संकलन गरी आवश्यक कारवाही प्रकृया अघि बढाउन कृषि शाखालाई निर्देशन गर्ने ।

तपशिल

प्राप्त कोटा

| क.स | गोलन्जोर गाउँपालिका | रसायनिक मलको | यूरिया | डिएपी | पोटास | कुल विक्री |
|---|---|---|---|---|---|---|
| | प्रस्तावित कोटा निर्धारण (मे.टन) | | ७२.१५० | २९.११० | २.१८० | परिमाण |
| | | विक्री | १०५.८०० | ३.९०० | ०.१५० | १०९.८५० |
| | | बढी नाघेको परिमाण | -३३.६५० | ०.००० | ०.००० | |
| | | दिन बाकी परिमाण | ०.००० | २५.२१० | २.०३० | |

नपुग भएको कोटा

| क.स | गोलन्जोर गाउँपालिका | रसायनिक मलको | यूरिया | डिएपी | पोटास | |
|---|---|---|---|---|---|---|
| | | | २०० टन | ० | २ | |

प्रस्ताव नं ५ माथि छलफल गर्दा नागरिक सुरक्षित आवास कार्यक्रमको प्रगतिको अवस्था सम्बन्धमा आगामि कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ६ माथि छलफल गर्दा कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण सम्वन्धमा कतिपय लाभग्राहीहरु तत्काल बैङ्कको पहुँचभन्दा बाहिर रहेका र बैङ्किङ प्रक्रियामा जान समय लाग्ने भएकोले अन्य व्यवस्था कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि बमोजिम सम्बन्धित शाखाबाट प्राप्त सिफारिस अनुसार गरी वडा सचिव मार्फत सम्वन्धित लाभग्राहीलाई नगदै हस्तान्तरण गर्ने निर्णय गरियो

प्रस्ताव नं ७ माथि छलफल गर्दा भैपरी आउने चालू खर्च शीर्षकको रकमबाट कार्यालयको सवारी साधन मर्मतमा गरिएको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।निर्माण कार्य "HT/LT line construction work Including water pump installation" ठेक्का ID GRM/SIN/WORKS/NCB/05/077-078 गर्न गोलन्जोर गाउँपालिकाको कार्यालय र मिलिजुली निर्माण सेवा लिखु तामाकोशी ६, खिम्ती, रामेछाप

बीच सम्झौता भई निर्माण कार्य सम्पन्न हुन बाँकी रहेको तथा निर्माण कार्य सम्पन्न गर्नको लागि TOD मिटर निर्माण व्यवसायीलाई नेपाल विद्युत प्राधिकरणले उपलब्ध नगराउने र सो सामग्री उपभोक्ता समिति मार्फत नेपाल विद्युत प्राधिकरणसँग प्रकृया पूरा गरेर प्राप्त गर्न सकिने प्रावधान रहेको र सो प्रकृया पूरा गर्न समय लाग्ने देखिन आएकोले सो ठेक्काको कार्य सम्पन्न गर्न आवश्यक प्रकृया पूरा गरी मिति २०७९आषाढ १५ सम्म म्याद थप गर्ने निर्णय गरियो । साथै ठेक्का ID GRM/SIN/WORKS/NCB/04/077-078 "Feda Khola sadak Ishtarunnati tatha pool nirman" निर्माण कार्य गर्न गोलन्जोर गाउँपालिकाको कार्यालय र देवीरमण कन्स्ट्रक्सन कम्पनी प्रा. लि. बीच सम्झौता भई निर्माण कार्य सम्पन्न हुनुपर्ने मिति २०७८ चैत्र मसान्तसम्म रहेको तर हालसम्म काम सम्पन्न नभएको देखिएको हुनाले समयसीमा भित्र निर्माण सम्पन्न नभएमा नियमानुसार भइजाने व्यहोरा सम्वन्धित निर्माण व्यवसायीलाई जानकारी गराउने र आवश्यक प्रकृया अघि बढाउने निर्णय गरियो ।